# थाक्रे गाँऊपालिका
# गाऊँ कार्यपालिकाको कार्यालय
## महादेववेसी, धादिङ
## ३ नं, प्रदेश, नेपाल

च.नं. ८४ मिति २०७५/५/२९

**आ.व. ०७५/०७६ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५।४।३०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ घ (६) तथा प्रदेश आर्थिक विधेयक, २०७५ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार थाक्रे गाँऊ कार्यपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधी २०७५, राजस्व परामर्श समितिको सिफारिश र थाक्रे गाँऊ कार्यपालिकाको निर्णय अनुसार आ.व. २०७५/०७६ को वाँकी अवधि २०७५ असोज १ गते देखी २०७६ आषाढ मसान्त सम्म) को लागि देहाय वमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाँऊपालिकावाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) मा उल्लेखित खोला, नदीनाला तथा खानी क्षेत्रहरुवाट स्वीकृत परिमाण भन्दा वढी उत्खनन् नहुने गरी **रोडा, ढुंगा, वालुवा, ग्राभेल, ईटा, स्लेट, विछ्याउने ढुङगा, भट्टामा प्रयोग हुने माटोको तथा शुल्क संकलन**को ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको फर्म नवीकरण, आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र वोलपत्र खरिद गरी पेश गर्न यो ३० दिने सूचना प्रकासित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्र सम्वन्धी अन्य विवरण गाँऊ कार्यपालिको को web site : www.thakremun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७५/७६ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व १।०७५/०७६ | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, विछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो, इटाको निकासी कर तथा कर शुल्क संकलन कार्य । | **कर तथा शुल्क** ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९.०० -नौ रुपैया, माटो क्यू फिट २।५०(दुई रुपैया पचास पैसा मात्र प्रतिट्रीप इटा ४ पाङग्रे २०० देखि १० पाङग्रे १०५० सम्म | ७७५८१७९९।- (सात करोड पचहत्तर लाख एकासीहजार सातसय उनान्सय रुपैया मात्र) | आइईईको प्रतिवेदन र गतबर्षको मौज्दात परिमाण | ५०००।- | कवोल अंकको ५ प्रतिशत |

**वैंकको नाम :** प्रभु वैंक महादेववेशी शाखा धादिङ
**वैंक खाता नं.** :०६०००२०१०१११८९०००००४(धरौटीको लागि)
वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति : २०७५/५/२८
वोलपत्र दर्ता अन्तिम मिति : २०७५/५/२९ दिनको १२:०० वजेसम्म
वोलपत्र खोल्ने मिति : २०७५/५/२९ दिनको २ :०० वजे